सगरमाथा
इन्स्योरेन्स कं. लि.
Sagarmatha
INSURANCE COMPANY LTD.
(A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA)

च.नं.: २०८२ - २०७५/०७६
मिति : २०७६/०२/२७

श्री नेपाल स्टक एक्सेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा,काठमाण्डौ ।

विषय : बार्षिक साधारण सभा बस्ने बारेको जानकारी सम्वन्धमा ।

महाशय,

उपरोक्त विषयमा यस कम्पनीको मिति २०७६/०२/२२ मा बसेको संचालक समितिको २७३ औं बैठकको निर्णय अनुसार आ.व. २०७४/०७५ को २२ औं बार्षिक साधारण सभा मिति २०७६ आषाढ १३ गते शुक्रवारका दिन दिनको ११:०० बजे आम्रपाली बैंङक्वेटस, भाटभटेनी, काठमाडौंमा बस्ने व्यहोरा जानकारी गराउंदछौं । साथै उक्त साधारण सभामा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीने ब्यहोरा अवगत गराउंदछौं

१. सामान्य प्रस्ताव :

१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट पेश हूने कम्पनीको आ.व.२०७४/०७५ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

१.२ कम्पनीको आ.ब.२०७४/०७५ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनूसुचीहरु पारित गर्ने ।

१.३ कम्पनीको आ.व.२०७५/०७६ को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियूक्ति गरी निजको पारिश्रमिक तोक्ने । *(बर्तमान लेखापरिक्षक श्री बि.के.अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टको यो दोश्रो बर्ष भएकोले पुनः नियुक्ति हून सक्ने)*

२. बिशेष प्रस्ताव :

२.१ संचालक समितिबाट प्रस्ताब भए बमोजिम कम्पनीको हालको चुक्ता पुंजी रु.५३,८२,९१,९००/- को ८६ प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर ८ दशमलव ६० शेयर (१०:८.६०) अनूपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त बोनश शेयरमा लाग्ने लाभकर सम्वन्धित शेयरधनीले व्यहोर्नु पर्नेछ ।

२.२ नियमनकारी निकाय बिमा समितिको निर्देशन बमोजिम कम्पनीको नियमावलीको नियम ८ को २ मा संसोधन गरी संचालक समितिको संख्या ७ जना कायम गर्ने । जस अनुसार संचालक समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिमा हुनेछ ।

(क) संस्थापक समुह "क" का शेयरधनिहरुबाट निर्वाचित -३ (तिन) जना ।
(ख) बिदेशी लगानीकर्ता "ख" समुहबाट मनोनित -१ (एक) जना ।
(ग) सर्वसाधारण शेयरधनी समुह "ग" बाट निर्वाचित -२ (दुई) जना ।

सगरमाथा इन्स्योरेन्स कं. लि. २०५१ काठमाडौं

*"Big or Small - Security for All"*

Head Office: "Surakshan" Bhawan, Bhagawati Marg, Naxal, P. O. Box: 12211, Kathmandu, Nepal
Tel: 4412367, Fax: 977-1-4412378, E-mail: info@sagarmathainsurance.com.np
Web: www.sagarmathainsurance.com.np

सगरमाथा
इन्स्योरेन्स कं. लि.
Sagarmatha
INSURANCE COMPANY LTD.
(A JOINT VENTURE WITH **CEYLINCO INSURANCE PLC**, SRI LANKA)

(घ) संचालक समितिले नियुक्त गरेको स्वतन्त्र संचाल -१ (एक) जना ।
उपरोक्त बमोजिमको संचालक समितिमा कम्तिमा १(एक) जना महिला संचालक हुनेछ ।

२.२.१ नियमनकारी निकाय बीमा समितिको निर्देशन बमोजिम कम्पनीको नियमामवलीको नियम २८. (१): मा संशोधन गरी संचालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्ने ।

२.३ प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोष एवं अन्य संस्थामा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड "ग" ले निर्धारण गरेको सिमा नाघेको हुंदा सो अन्तर्गत भएको खर्च रु. १० लाख ७५ हजार ३ सय लाई अनुमोदन गर्ने ।

२.४ शंसोधित प्रवन्धपत्र अभिलेख वा स्वीकृत गर्ने निकायवाट कुनै फेर बदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. विविध ।

भवदीय,

(सगरमाथा इन्स्योरेन्स कं. लि. २०५१ काठमाडौं)

विश्व नाथ अधिकारी
कम्पनी सचिव